# समयसीमा नजिकिँदै जाँदा भन्सार शुल्कमा 'दयालु' हुने ट्रम्पको भनाइ



वासिङ्टन(रासस/एएफपी) : अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सोमबार विश्वभर अशान्ति निम्त्याउने जोखिम उठाउँदै आफूले भनेका अनुचित व्यापार असन्तुलनहरूलाई सम्बोधन गर्न यस हप्ता थप करहरू घोषणा गर्दा व्यापारिक साझेदारहरूप्रति 'धेरै दयालु' हुने बताएका छन् । जनवरीमा पदभार ग्रहण गरेदेखि नै राष्ट्रपति शक्तिको अभूतपूर्व प्रयोग गर्दै आएका ट्रम्पले मङ्गलबार राति नै ठ्याक्कै कस्ता 'पारस्परिक भन्सार शुल्क' लगाइनेछ भनेर घोषणा गर्नसक्ने बताए । रिपब्लिकन अर्बपति ट्रम्पले विश्वको सबैभन्दा ठूलो अर्थतन्त्रलाई 'विश्वका हरेक देशले लुटेका' ले पारस्परिक कार्य आवश्यक रहेको कुरामा जोड दिएका छन् र संयुक्त राज्य अमेरिकाका लागि 'मुक्ति दिवस' को प्रतिज्ञा गरिरहेका छन् ।

तर उनले सोमबार पत्रकारहरूलाई भने, "हामी धेरै राम्रो हुनेछौं, तुलनात्मक रूपमा हामी धेरै दयालु हुनेछौं ।" आलोचकहरूले यो रणनीतिले विश्वव्यापी व्यापार युद्धको जोखिम उठाउने, चीन, क्यानाडा र युरोपेली सङ्घ (इयु) जस्ता प्रमुख व्यापारिक साझेदारहरूको प्रतिशोधको शृङ्खला प्रतिक्रिया उत्पन्न गर्ने चेतावनी दिएका छन् । यसअघि नै चीन दक्षिण कोरिया र जापानले आपसमा स्वतन्त्र व्यापारलाई बलियो बनाउन सहमति जनाएका छन् । तर ट्रम्पले टिकटकमा सम्झौता पनि चिनियाँ करसँग जोडिएको हुनसक्छ भन्दै उनको कार्यले सहयोगीहरूलाई बेइजिङतर्फ धकेल्नेछ भनेर चिन्तित नभएको बताए ।

ह्वाइट हाउसका प्रेस सचिव क्यारोलिन लेभिटले बुधबार 'देशमा आधारित कर' घोषणा गर्ने लक्ष्य रहेको बताइन । यद्यपि ट्रम्प छुट्टै, क्षेत्र-विशिष्ट करहरू लगाउन प्रतिबद्ध छन् । अनिश्चितताले प्रमुख युरोपेली र एसियाली सूचकाङ्कहरू कममा बन्द भएको बजारलाई झट्का दिएको छ, यद्यपि डाउ र व्यापक-आधारित एस एन्ड पी ५०० ले लाभ कमाएका छन् । आइतबार ट्रम्पले आफ्नो करहरूमा 'सबै देश' समावेश हुने बताउनुभएपछि बजार 'नर्भसनेस' तीव्र भएको थियो ।वाल स्ट्रिट जर्नलले सल्लाहकारहरूले लगभग सबै अमेरिकी व्यापारिक साझेदारहरूलाई असर गर्न २० प्रतिशतसम्म विश्वव्यापी कर लगाउने विचार गरेको बताएको छ । आफ्नो कर अमेरिकी उत्पादनहरूमाथि पहिले नै लगाइएका करहरूभन्दा 'धेरै उदार' हुने भन्दै ट्रम्प अस्पष्ट रहेको छ ।

### आर्थिक पीडा

करहरूमाथि ट्रम्पको निर्धारणले अमेरिकी मन्दीको डरलाई बढाइरहेको छ । गोल्डम्यान स्याक्स विश्लेषकहरूले आफ्नो १२-महिने मन्दीको सम्भावना २० प्रतिशतबाट ३५ प्रतिशतमा बढाएका छन् । यसले 'न्यून वृद्धिको पूर्वानुमान, घट्दो विश्वास र ह्वाइट हाउस अधिकारीहरूबाट आर्थिक पीडा सहन इच्छुकता सङ्केत गर्ने बयानहरू' लाई प्रतिबिम्बित गर्दछ । गोल्डम्यान स्याक्सले सन् २०२५ को अन्त्यमा अन्तर्निहित मुद्रास्फीतिको पूर्वानुमान पनि बढाएको छ ।चीन र क्यानाडाले अमेरिकी सामानहरूमा प्रतिशोधात्मक कर लगाएका छन् भने युरोपेली सङ्घ (इयु) ले अप्रिलमा सुरु हुने आफ्नै उपायहरू घोषणा गरेको छ । भियतनामले कार, तरलीकृत ग्यास र केही कृषि उत्पादनलगायत विभिन्न वस्तुमा आयात कर कटौती गरेको बताएको छ ।

जापानले अमेरिकी करबाट प्रभावित व्यवसायहरूका लागि करिब एक हजार 'परामर्श केन्द्र' स्थापना गर्ने बताएको छ । अन्तर्राष्ट्रिय मुद्राकोष (आइएमएफ) प्रमुख क्रिस्टालिना जर्जिवाले सोमबार रोयटर्सको कार्यक्रममा ट्रम्पको करहरूले अहिलेका लागि चिन्ता पैदा गरिरहेको तर तिनीहरूको विश्वव्यापी आर्थिक प्रभाव नाटकीय हुनु पर्दैन भने । अक्सफोर्ड इकोनोमिक्सका रायन स्वीटले ट्रम्पले 'केही ठूला अपराधीलाई लक्षित गर्ने' अनुमान गर्दै 'अनपेक्षित अपेक्षा गर्न' भने । पारस्परिक देश करहरू बाहेक ट्रम्पले औषधि र सेमिकन्डक्टर जस्ता अतिरिक्त क्षेत्र-विशिष्ट करहरू पनि घोषणा गर्नसक्ने सम्भावना रहेको छ । उनले पहिले नै अटो करहरू बिहीबारबाट प्रभावकारी हुने घोषणा गरेका थिए ।

अर्थशास्त्रीहरूले आगामी प्रहारले संयुक्त राज्य अमेरिकासँग निरन्तर व्यापार असन्तुलन भएका १५ प्रतिशत साझेदारहरूलाई लक्षित गर्नसक्ने अपेक्षा गरेका छन् । अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टले ती साझेदारलाई 'डर्टी १५' समूह भनेका छन् । संयुक्त राज्य अमेरिकाको चीन, इयु, मेक्सिको, भियतनाम, ताइवान, जापान, दक्षिण कोरिया, क्यानाडा र भारतसँग आफ्नो सबैभन्दा ठूलो वस्तु घाटा छ ।

### अस्तित्वको क्षण

अमेरिकी व्यापार साझेदारहरू आफ्नो जोखिम कम गर्न हतारिरहेका छन् । समाचार हरूले भारतले केही करहरू कम गर्नसक्ने सङ्केत गरेका छन् । युरोपेली केन्द्रीय बैंक (इसिबी) का अध्यक्ष क्रिस्टिन लागार्डले सोमबार फ्रान्स इन्टर रेडियोलाई 'अस्तित्वको क्षण' को सामना गरिरहेको युरोपले आर्थिक स्वतन्त्रताको दिशामा अघि बढ्नुपर्ने बताए । छुट्टै बेलायती प्रधानमन्त्री किर स्टार्मरले ट्रम्पसँग बेलायत-अमेरिका व्यापार सम्झौतातर्फ 'उत्पादक वार्ताहरू' मा कुरा गरे भने जर्मन चान्सलर ओलाफ स्कोल्जले इयुले ट्रम्पप्रति दृढतापूर्वक प्रतिक्रिया दिने तर सम्झौताका लागि खुला रहेको बताए । अमेरिकी व्यापार प्रतिनिधिको कार्यालयकी पूर्व अधिकारी ग्रेटा पिस्चले नयाँ करहरू द्रुत रूपमा घटाउन वा रोक्न 'पूर्ण रूपमा सम्भव' छ भनिन । फेब्रुअरीमा उत्तर अमेरिकी छिमेकीहरूले वार्ता गर्न थालेपछि वासिङ्टनले मेक्सिको र क्यानाडाको आयातमा लगाइएको भारी कर एक महिनाका लागि रोकेको थियो ।

# नारायणगढ-बुटवल सडक : पूर्वी खण्डमा कालोपत्र



नवलपरासी(जस)- नारायणगढ-बुटवल सडक निर्माण योजनाको पूर्वी खण्डमा ५० किलोमिटर सडक कालोपत्र गरिएको छ। पूर्वी खण्डको गैंडाकोटबाट दाउन्नेसम्मको ६३ किलोमिटर खण्डमध्ये एकतर्फको ५० किलोमिटर सडक कालोपत्र गरिएको हो । योजनाका सूचना अधिकारी शिव खनालका अनुसार आउँदो बर्खा अगाडि नै बाँकी १३ किलोमिटर सडकसमेत कालोपत्र गर्ने लक्ष्यअनुसार काम भइरहेको छ । दाउन्ने खण्डमा यात्रा गर्दा सास्ती खेप्नुपरेकाले सो क्षेत्रमा चार किलोमिटर र घुमाउरो घुम्तीमा चार किलोमिटर सडक वर्षाअघि नै ढलान गरिने उनले बताए । ढलानको काम यसै सातादेखि थालिने छ ।

"पहिलो चरणमा एकतर्फी रूपमा यातायात सहज होस् भन्ने हो, यसलाई प्राथमिकता दिएका छौं, सँगै दोस्रो भागतर्फको काम पनि समानान्तर रूपमा भइरहेको छ", सूचना अधिकारी खनालले भने । विसं २०७५ माघमा सम्झौता भएर २०७९ साउनमा सडक विस्तारको काम सम्पन्न गर्नेगरी काम अघि बढाइएको हो । नारायणगढ-बुटवल सडकको कुल ११३ किलोमिटर सडकलाई दुई खण्डमा विभाजन गरी काम थालिएको हो । निर्धारित समयमा काम सम्पन्न नभएपछि २०८१ साउनसम्मका लागि दोस्रोपटक म्याद थप गरिएको थियो । सो अवधिमा पनि काम सम्पन्न नभएपछि २०८२ साउनसम्मका लागि तेस्रोपटक म्याद थप गरिएको छ ।

एसियाली विकास बैंक (एडिबी)को ऋण सहयोगमा सडक विस्तार योजनाको दुवै खण्ड रु १६ अर्ब ९९ करोड ५३ लाखको लागतमा काम भइरहेको सूचना अधिकारी खनालले बताए । एक सय १३ किलोमिटर सडकमध्ये ७० किलोमिटर चार लेन तथा २९ किलोमिटरमा चार लेनसहित दुवैतर्फ ६-६ मिटरको सर्भिस लेन हुनेछ । दाउन्नेमा १४ किलोमिटर सडक तीन लेनको हुने छ ।

## रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**रत्ननगर, चितवन**
**बागमती प्रदेश, नेपाल**

### विषय : प्रस्तावपत्र स्वीकृत गर्ने आशयको सूचना ।

**सूचना प्रकाशित मिति: २०८१/१२/२०**

यस रत्ननगर नगरपालिका कार्यालयलबाट सम्पादन हुन गइरहेको **CONDUCTING TRAINING WITH ON THE JOB-TRAINING TO ENHANCED SKILL FOR SUSTAINABLE AND REWARDING EMPLOYMANT (ENSSURE) Professional Computer Hardware and Network Technician** तालिम सम्वन्धी कार्य गर्न मिति २०८१।०९।०२ मा प्रकाशित सुचनाका आधारमा परामर्श सेवा प्रदायक संस्थाबाट आशयपत्र माग सम्वन्धी सूचना अनुसार पेश हुन आएका आशयपत्रको मुल्याँकनबाट प्रारम्भिक छनौटमा उतीर्ण भएका आशयदाताहरुबाट प्राप्त प्राविधिक तथा आर्थिक प्रस्तावहरुको मुल्याङ्कन गर्दा देहायका प्रस्तावपत्र सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ (१) र दफा ४७ को उपदफा १ मा व्यवस्था भए बमोजिमको प्रयोजनार्थ सम्वन्धित सबैको जानकारीको लागि ७ (सात) दिने आशयको सूचना प्रकाशन गरिएको छ।

तपसिल

| क.सं | कामको विवरण | प्रस्तावपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (भ्याट र पि. एस. सहित) |
|---|---|---|---|
| १ | CONDUCTING TRAINING WITH ON THE JOB-TRAINING TO ENHANCED SKILL FOR SUSTAINABLE AND REWARDING EMPLOYMANT (ENSSURE) Professional Computer Hardware and Network Technician | नेपाल उद्यमी विकास परामर्श केन्द्र प्रा.लि., खैरहनी न.पा., चितवन | रु.१३,७२,६३७/- (तेह्र लाख बहत्तर हजार छ सय सैतीस रुपैयाँ मात्र ।) |

प्रमुख प्रशासकीय अधिकृत

## जापानमा रोजगारीको अवसर

**कम्पनी**: Ace Cooperative **शहर** : Tokyo
**पूर्व स्वीकृति मिति**: २०८१-१२-०१ **च.नं**: 60235532 L.T. No : 320260

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction | 2 | 0 | स.काममा दक्ष | 187000 | १,७०,९१८।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

**कम्पनी**: COOPERATIVE ASIAN NETWORK **शहर** : Tokyo
**पूर्व स्वीकृति मिति**: २०८१-१२-१९ **च.नं**: 60235529 L.T. No : 321431

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Meal Preparator | 2 | 0 | स.काममा दक्ष | 180000 | १,६४,५२०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

**कम्पनी**: JAPAN CARE WORKERS COOPERATIVE ASSOCIATION **शहर** : Tokyo
**पूर्व स्वीकृति मिति**: २०८१-१२-१९ **च.नं**: 60235530 L.T. No : 321432

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब YEN | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Care Worker | 0 | 4 | स.काममा दक्ष | 172000 | १,५७,२०८।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

**अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौमा २०८१ चैत २७ गते (9 April 2025) हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. ४०,०००/- कामदारले तिर्ने |

**प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभव:**
(क) नेपाली नागरीक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पुरा भई ३० वर्ष ननाघेको हुनुपर्नेछ । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) निर्माण सम्वन्धि कामको निमित्त सम्वन्धित उद्योग, उद्यम वा सम्वन्धित विषयको संस्थामा कम्तिमा दुई वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्ने। (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

**दरखास्त साथ पेश गनुपर्ने आवश्यक कागजातहरु:**
(क) नेपाली नागरीकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरुमा ३ वर्ष पूर्व दर्ता भई संचालन भईरहेको औद्योगीक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघसंस्था, होटल पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्वन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रुपमा जान खोजेको विषयमा नै नेपालको उद्योग प्रतिष्ठान, संस्था वा निकायहरुमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखीकरण तालिम लिएको सक्कल प्रमाण पत्र । (छ) नेपालमा आफु कार्यरत रहेको सम्वन्धित उद्योग प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि सम्वन्धित उद्योगमा नै काम गर्ने भनी आफु कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्वन्धि कागजको प्रतिलिपि ।

**१) दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मिति** : स्थान यस प्रालिको कार्यालय, यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र
**२) प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवद्धन खर्च समेतको ) कुल खर्च** : ४०,०००/-
**३) प्रशिक्षार्थी छनौट गर्ने तरीका, मिति र स्थान, छनौट तरिका, अन्तर्वार्ता** : प्रा. लि. को कार्यालय ।
**नोट** : वैदेशिक रोजगार ऐन २०६४ को दफा ९ वमोजिम महिला, दलित, आदिवासी, जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवंम दुर्गम क्षेत्र तथा दैविक प्रकोप पिडित व्यतिलाई नेपाल सरकारले तोके वमोजिमको संख्यामा आरक्षण प्रदान गरिनेछ ।

**बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी** :
१) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोस् । आफुले बुझाएको रकमको भपाई अनिवार्य रुपमा लिनुहोस् ।
२) आफु काम गर्ने जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् ।
३) यस विज्ञापन सुचनामा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोस् ।
४) विदेश जानुअघि अभिमुखीकरण तालीम अनिवार्य लिनुहोस् ।
५) अनिवार्य रुपमा विमा गराउनुहोस् ।
६) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोस् । सोको एक प्रति आफुसँग राख्नुहोस् ।
७) श्रम स्वीकृतिविना वैदेशिक रोजगारीमा नजानुहोस् । वैदेशिक रोजगारमा जाँदा नेपालका एयरपोर्ट प्रयोग गर्नुहोस् । बैदेशिक रोजगारमा कुनै दलालको भनाईमा विश्वास नगर्नूहोस् । इजाजतप्राप्त रोजगार प्रा.लि.मा आफै गई आवश्यक कुरा वुझ्नुहोस् । अन्यथा ठगिने सम्भावना हुन्छ ।
८) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोस् ।
९) काम गर्न गएको कम्पनी छाडी वा भागी अन्यत्र नजानुहोस् ।
१०) काम गर्न गएको मुलुकमा कानुन पालना गर्नुहोस् ।
११) करार अवधि सकिएपछि स्वदेश फर्कनुहोस् ।

**जापानीज भाषामा N4 Level पास गरेका आवेदकहरुलाई प्राथमिकता दिइनेछ ।**

**Oxon International Pvt. Ltd.**
श्रम इजाजत नं. ९८९/०६७/०६८
New Baneshwor-10, Kathmandu, Tel.: 01-4581800
Phone No.: 9861454399, E-mail : oxonkk@gmail.com

## गोलन्जोर गाउँपालिका
## गाँउकार्यपालिकाको कार्यलय
**ग्वालटार, सिन्धुली**
**बागमती प्रदेश, नेपाल**

### बोलपत्र स्वीकृत गर्ने आसयको सूचना

**(सूचना प्रकाशित मिति २०८१।१२।२०)**

प्रस्तुत विषयमा यस कार्यलयबाट आ व २०८१।०८२ बार्षिक वजेट अनुसार मिति २०८१।१०।२३ गतेको हिमालयन टाइम्स राष्ट्रिय दैनिक र PPMO e–GP system को www.bolpatra.gov.np.egp मा प्रकाशित बोलपत्र आह्वानको सुचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्य तपशिलमा उल्लेखित बोलपत्रदाताको बोलपत्र न्युनतम मूल्याङ्कीत सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि सिफारिस भई आए बमोजिम सार्वजानिक खरिद ऐन, २०६३ को दफा २७(१) बमोजिम स्वीकृतिको लागि छनौट गरिएकोले सोहि ऐनको दफा २७(२) र दफा ४७ को प्रयोजनको लागि सम्बन्धित सबै बोलपत्रदाताहरुलाई जानकारी गराईन्छ ।

| क्र. स. | ठेक्का नं. | कामको विवरण | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरिएको रकम मु.अ. कर सहित |
|---|---|---|---|---|
| १ | GRM/SIN/WORKS /NCB/22/081/082 | Tinmure Bhaktiram Sadak Staronnati | Level Up Engineering And Builders Pvt. Ltd., Golanjor-05, Sindhuli | ६६,००,३९०।८५ |
| २ | GRM/SIN/WORKS /NCB/23/081/082 | Gwaltar Okhle Khokling Wada Karyalaya Sadak Staronnati | Lok Om Construction And Suppliers Pvt. Ltd., Tinpatan-06, Sindhuli | ७१,२६,५६६।९२ |
| ३ | GRM/SIN/WORKS /NCB/24/081/082 | Baraha Ghoksila Chhetpa Nayakharka Sadak Staronnati | Nirman Infrastructure And Suppliers Pvt. Ltd., Golanjor-7, Sindhuli | ६१,७१,६९७।६१ |
| ४ | GRM/SIN/WORKS /NCB/25/081/082 | Ghattakulo Staronnati Tatha Bistar | U.K.B. Construction Pvt. Ltd., Golanjor-07, Sindhuli | ६९,३६,१३१।८६ |
| ५ | GRM/SIN/WORKS /NCB/26/081/82 | Mahakal Bhadaure Bhagatar Sadak Starronnati | Sishir Construction And Suppliers Pvt. Ltd., Golanjor-04, Sindhuli | १९,६०,१३०।६५ |

प्रमुख प्रशासकीय अधिकृत